आज मिति २०७९ साल पौष २२ गते शुक्रबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०७९/०८० को १६ औँ कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u> :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री रामराज पौडेल - सदस्य सचिव -

<u>आमन्त्रित</u> :

श्री विन्देश्वर यादव - लेखापाल -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. छानविन समिति गठन सम्बन्धमा ।
३. कृषि/पशु शाखाबाट राजस्व संकलन गर्ने सम्बन्धमा ।
४. आयोजना प्रस्ताव गर्ने सम्बन्धमा ।
५. भारतीय दुतावास समक्ष बजेट माग सम्बन्धमा ।
६. रामजानकी मन्दिरको जग्गा खालि गराउने सम्बन्धमा ।
७. जलावनको लागि दाउरा खरिद सम्बन्धमा ।
८. LISA र FRA को अन्तिम नतिजा सम्बन्धमा ।
९. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन सम्बन्धमा ।
१०. पुनारावेदन गर्ने सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७९/०९/११ गते बसेको आ.व. २०७९/०८० को १५ औं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका भित्रका विभिन्न विद्यालयहरुको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयमा उजुरीहरु परिरहने र सो सम्बन्धमा आयोगबाट सम्बन्धित कागजातका अतिरिक्त छानविनको प्रतिवेदन समेत माग गर्ने भएको हुँदा सो सम्बन्धमा छानविन गर्न तपसिल बमोजिमको छानविन समिति गठन गर्ने र उक्त समितिलाई विद्यालयसंग सम्बन्धित उजुरीको सम्बन्धमा छानविन गर्ने अख्तियारी दिने सर्वसम्मत निर्णय गरियो ।
तपसिल:
१) संयोजक : गाउँपालिका उपाध्यक्ष
२) सदस्य : ६ नं. वडा अध्यक्ष श्री हरिनन्दन मेहता
३) सदस्य : १ नं.वडा अध्यक्ष श्री सुर्य नारायण पाल
४) सदस्य : सब-इञ्जिनियर (प्राविधिक) श्री अन्जु चौधरी
५) सदस्य सचिव : शिक्षा शाखा प्रमुख

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा देवानगञ्ज गा.पा.को पशु तथा कृषि सेवा शाखा तथा देवानगञ्ज नर्सरीबाट वितरण हुने औषधि, बिरुवा लगायत कृषि सामाग्रीहरु नि:शुल्क वितरण हुँदा किसानहरुले आवश्यकता भन्दा बढी सामाग्री माग गर्ने भएकोले न्यूनतम राजस्व निर्धारण गर्नुपर्ने आवश्यकता देखिएको हुँदा पशु/कृषि शाखा तथा नर्सरीबाट वितरण हुने औषधि, विउ, विरुवा तथा कृषि सामाग्रीहरुमा प्रदेश मन्त्रालयले निर्धारण गरेको पशुपक्षी तथा मत्स्य र कृषि तर्फको दररेट अनुसार र बिरुवाहरुको तपसिल बमोजिम राजस्व संकलन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल:

| क.सं. | विरुवाको नाम | प्रति इकाइ दररेट (रु.) |
|---|---|---|
| १ | आँप | २० |
| २ | मसला | ५ |
| ३ | अमला | ५ |
| ४ | अम्बक | ५ |
| ५ | हर्रो | ० |
| ६ | बर्रो | ० |
| ७ | पोलटिफोरम (जङ्गली सिरिस) | ० |
| ८ | एकासिया | ५ |
| ९ | सिमल | ० |
| १० | तेतरी | ० |
| ११ | गोलमहर | ० |
| १२ | अन्य बिरुवा | १० |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका भित्र सञ्चालन गरिने तपसिल बमोजिमका आयोजनाहरुमा बजेट विनियोजनको लागि संघ तथा प्रदेश सरकार समक्ष प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल:

**क) संघिय सरकार समक्ष पेश गर्ने आयोजनाहरु :**

१) समपूरक अनुदान माग गर्ने आयोजनाहरु

| क.सं. | आयोजनाको नाम |
|---|---|
| १ | सरस्वती स्कुल वडा नं.४ देखि उत्तर वडा नं.६ को बरगाछी जिरोगवा जोड्ने बाटो । |

| | |
|---|---|
| २ | वडा नं.३ श्री कृष्ण मा.वि. नजिकको खेल मैदान निर्माण कार्य |
| ३ | देवानगञ्ज इलाका प्रहरी कार्यालय देखि दक्षिण साविक कप्तानगञ्ज-९ सम्म जोड्ने बाटो |

२) विशेष अनुदान माग गर्ने आयोजनाहरु

| क्र.सं. | आयोजनाको नाम |
|---|---|
| १ | वडा नं. ४ स्थित बसपार्क निर्माण कार्य |
| २ | गणेश प्रा.वि. हुँदै विर नारायण चौधरीको घरसम्मको बाटो कालो पत्रे कार्य |
| ३ | बहुक्षेत्रीय पोषण विशेष कार्यक्रम |
| ४ | अपाङ्ग मैत्री सार्वजनिक शौचालय निर्माण (गा.पा.भित्र २० वटा) |

**ख) प्रदेश सरकार समक्ष पेश गर्ने आयोजनाहरु :**

१) समपूरक अनुदान माग गर्ने आयोजनाहरु

| क्र.सं. | आयोजनाको नाम |
|---|---|
| १ | १६ कोठे विद्यालय भवन निर्माण कार्य |
| २ | कृषि बजार निर्माण कार्य |

२) विशेष अनुदान माग गर्ने आयोजनाहरु

| क्र.सं. | आयोजनाको नाम |
|---|---|
| १ | कृष्ण मा.वि. देवानगञ्ज-३ देखि पूर्व जिरोगवा जोड्ने बाटो निमार्ण कार्य |
| २ | अमर सिंह मा.वि. को चौरमा टायल लगाउने कार्य |

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकालाई आवश्यक तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरु माग गर्दै भारतीय दुतावास समक्ष प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

क) श्री कृष्ण मा.वि. देवानगञ्ज-३, लाई २३ कोठे पक्की भवन,

ख) गाउँपालिकालाई १ थान एम्बुलेन्स,

ग) अमरसिंह मा.वि., देवानगञ्ज-५ लाई २ वटा विद्यालय बस

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका वडा नं.५ मा अवस्थित रामजानकी मन्दिरको अतिक्रमित जग्गा जिल्ला प्रशासन कार्यालय, सुनसरीको च.नं.६५४ मिति २०७९/०९/०६ गतेको पत्रबाट यथाशिध्र खालि गर्ने प्रकृया अगाडी बढाउन प्रत्रचार भएकोले उक्त जग्गा खालि गराउन ३५ दिने सूचना जारी गर्ने सर्वसम्मत निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा हालका दिनमा अत्याधिक मात्रामा चिसो बढ्नुको साथै शित लहरको अवस्था आएको र स्थानीय स्तरमा हुने क्षति न्यूतिकरण गर्न तत्काल जलावनको लागि दाउरा खरिद गर्नुपर्ने देखिएकोले प्रकोप व्यवस्थापन कोषबाट खर्च हुनेगरी जिल्ला वन कार्यालयबाट १२ चक्का दाउरा खरिद गरी शितलहरबाट प्रभावित नागरिकलाई वितरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

८. प्रस्ताव नं.८ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकाको आ.व. २०७८/०७९ को स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) को अन्तिम नतिजा सार्वजनिकीकरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

९. प्रस्ताव नं.९ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका भित्र प्रधानमन्त्री रोजगार कार्यक्रमबाट संचालित आयोजनाहरुमा प्रत्येक वडामा २४ जनालाई ५० दिनको दरले रोजगारी दिई आयोजना कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

१०. प्रस्ताव नं.१० माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका वडा नं. २ को कि.नं.२९ को ज.वि.०-०-९ जग्गा फिल्ड बुक अनुसार हाटप्लटको सार्वजनिक जग्गा देखिएकोले सो विषय सार्वजनिक सरोकारको विषय भएको र प्रस्तुत विषय गाउँपालिकाको क्षेत्रअधिकार भित्रको सार्वजनिक जग्गा भएकोले उक्त विषयमा सम्बन्धित निकायमा मुद्दा दर्ता गरी मुद्दाको पुरपक्ष समेत गर्नको लागि सर्वसम्मत निर्णय गरियो ।